# निजामती कर्मचारी राष्ट्रिय तालीम नीति, २०७१



नेपाल सरकार

## सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

## विषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | दीर्घकालीन सोच | ३ |
| ३. | उद्देश्य | ३ |
| ४. | मूलभुत लक्ष्य | ३ |
| ५. | रणनीति | ३ |
| ६. | नीतिहरु | ४ |
| ७. | कार्यनीति | ६ |
| ८. | संस्थागत व्यवस्था | ९ |
| | ८.१. तालीम निर्देशक समिति | ९ |
| | ८.२. तालीम अनुगमन तथा मूल्यांकन समिति | १० |
| | ८.३. जिल्लास्तरीय तालीम समन्वय समिति | १२ |
| ९. | क्षेत्रगत नीति र कानुनमा सुधार | १२ |
| १०. | अनुगमन तथा मूल्यांकन | १२ |
| ११. | खारेजी | १२ |

*स्वीकृत मिति: २०७१/०६/३०*

## १. पृष्ठभूमि

निजामती सेवालाई सक्षम, सुदृढ र उत्तरदायी बनाई राज्यबाट नागरिकलाई उपलब्ध गराइने सेवाको प्रभावकारिता अभिवृद्धि गर्नु यतिखेरको आवश्यकता हो । निजामती कर्मचारीहरुमा रहेको ज्ञान, सीप र क्षमतालाई समय सापेक्षरुपमा प्रवर्द्धन गर्दै आचरणमा समेत सुधार ल्याई जनभावना अनुरुप कार्य गर्न सक्ने विश्वासिलो सेवाको रुपमा निजामती सेवालाई स्थापित गर्नु अहिलेको चुनौती हो ।

नेपालमा वि.सं. २०१३ मा निजामती सेवा ऐन लागु भए देखि नै निजामती कर्मचारीहरुलाई तालीम दिने कार्यको थालनी भएको हो । २०२५ सालमा प्रशासन व्यवस्था विभागको स्थापना भएपछि कर्मचारीलाई तालीम प्रदान गर्ने कार्य यसै संस्थाबाट हुन थाल्यो । २०२६ सालमा स्थापना भएको आर्थिक विकास तथा प्रशासनिक केन्द्र(सेडा) ले निजामती कर्मचारीहरु समेतलाई तालीम दिने गर्दथ्यो । २०३२ साल देखि लेखा समूहका कर्मचारीलाई महालेखा नियन्त्रकको कार्यालयले लेखा सम्बन्धी छुट्टै तालीम प्रदान गर्न थाल्यो भने २०३७ मा राजश्व प्रशासन तालीम केन्द्र स्थापना भई राजश्व लेखा सम्बन्धी छुट्टै तालीम प्रदान गर्न थालियो । यस बीचमा हुलाक, वन, नापी, सहकारी, स्वास्थ्य लगायतका क्षेत्रमा प्रशिक्षण दिने छुट्टाछुट्टै प्रशिक्षण संस्थाहरु स्थापना भइसकेका थिए । २०३९ सालमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना पश्चात निजामती कर्मचारीहरुलाई सेवा प्रवेश, सेवाकालीन र अन्य विविध प्रकृतिका तालीम प्रदान हुन थाल्यो । २०६६ सालमा सहायक स्तरका निजामती कर्मचारीलाई तालीम दिन छुट्टै कर्मचारी प्रशिक्षण प्रतिष्ठानको स्थापना गरियो । निजामती कर्मचारीलाई प्रदान गरिने तालीमलाई दुरदृष्टियुक्त, योजनावद्ध, व्यवस्थित बनाउन र तालीम प्रदायक संस्थाको क्षमता एवं क्रियाशिलता बढाउन नीतिगत व्यवस्थाहरु पनि गरिए । यसै अनुरुप २०४६ सालमा पहिलो पटक तालीम नीति तर्जुमा भई लागू भएको देखिन्छ । यसरी नै २०५८ मा निजामती सेवा राष्ट्रिय तालीम नीति तर्जुमा गरी हालसम्म कार्यान्वयनमा रहेको छ ।

**नयाँ नीतिको आवश्यकता**

२०५८ सालमा तर्जुमा भई कार्यान्वयनमा रहेको निजामती सेवा राष्ट्रिय तालीम नीतिले कर्मचारीहरुको ज्ञान, सीप, दक्षता र क्षमतामा अभिवृद्धिका साथै मनोबृत्तिमा सकारात्मक परिवर्तन ल्याई निजामती सेवालाई सवल, सक्षम, सुदृढ, गतिशील र नतिजामूखी बनाउने मूलभूत उद्देश्य लिएको थियो । यस नीतिमा निर्दिष्ट गरिएका उद्देश्य एवं अवलम्बन गरिएका नीतिगत प्रावधानहरु सान्दर्भिक रहेको देखिन्छ । यस नीतिको तर्जुमा पश्चात देशमा आएको राजनीतिक, प्रशासनिक एवं सामाजिक परिवर्तन र तिनले पार्ने प्रभावलाई संवोधन गर्न आवश्यक भइसकेको छ । सबै निजामती कर्मचारीहरुलाई पद र जिम्मेवारी अनुरुप आवश्यकतामा आधारित तालीम प्रदान गर्नुपर्ने, विश्वस्तरमा आएका नवीनम् अवधारणा र प्रविधि अनुरुप तालीमको आधुनिकीकरण गर्नुपर्ने, राज्यले अवलम्बन गरेको समावेशिताको मर्म तालीम कार्यक्रममा समेत प्रतिविम्बित हुनुपर्ने र समय क्रमसंगै सार्वजनिक प्रशासनमा देखापर्ने चुनौतीहरु र समस्याहरु संग जुध्दै राष्ट्रिय हितमा समर्पित हुन सक्ने जनशक्ति सहितको र गतिशील निजामती कर्मचारी प्रशासन संयन्त्र निर्माण गर्नुपर्ने भएकोले यी विषयवस्तुलाई समेट्न पनि नयाँ तालीम नीतिको आवश्यकता महसुस गरिएको छ ।

उपरोक्त पक्षका अलावा निजामती कर्मचारी र नागरिक सहकार्यलाई सबल बनाउन सामाजिक र मानवीय सीपको विकास गर्न आवश्यक भईसकेको छ । नागरिकहरुलाई नै केन्द्रविन्दुमा राखि सेवा र विकासका कार्य सम्पादन गर्न सक्ने गरी मनोबृत्तिमा सुधार ल्याउन तालीमको विषयवस्तुमा समेत परिवर्तन गर्नुपर्ने आवश्यकता छ । निजामती कर्मचारीको कार्यसम्पादन र नेतृत्व क्षमता विकास गर्ने गरी तालीम प्रणालीमा रुपान्तरण पनि अहिलेको आवश्यकता हो । तालीम प्रदान गर्ने संस्थाहरुको क्षमता अभिवृद्धि, तालीम पाठ्यक्रममा सुधार, तालीमको बहुपक्षीय उपयोग पनि टड्कारो आवश्यकता वनेका छन् । यी समग्र विषयवस्तुलाई समावेश गर्दै समय सापेक्ष, उपयोगी र कार्यान्वयनयोग्य हुने अपेक्षाका साथ नयाँ निजामती कर्मचारी राष्ट्रिय तालीम नीति, २०७१ तर्जुमा गरिएको छ ।

२. **दीर्घकालीन सोच**

निजामती कर्मचारीहरूको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्दै उनीहरुको मनोवृत्तिमा सुधार ल्याई निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने ।

३. **उद्देश्य**

निजामती कर्मचारी राष्ट्रिय तालीम नीतिका उद्देश्यहरू देहायबमोजिम छन् :

३.१. कर्मचारीको ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धि गरी संगठनको लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउन योजनावद्धरुपमा सबै निजामती कर्मचारीहरूलाई तालीम प्रदान गर्ने ।

३.२. नागरिक सेवा प्रति समर्पित र उत्तरदायी निजामती सेवाको विकासका लागि तालीमको माध्यामबाट कर्मचारीको कार्यशैली तथा मनोबृत्तिमा सकारात्मक परिवर्तन ल्याउने ।

३.३. राज्यले लिएको समावेशीकरणको नीतिलाई समेत सहयोग पुऱ्याउने गरी तालीम कार्यक्रम संचालन गर्ने ।

४. **मूलभुत लक्ष्य**

निजामती सेवाका सबै श्रेणी र पदका सबै कर्मचारीहरुलाई आउँदो ५ वर्ष भित्र तालीम प्रदान गर्ने ।

५. **रणनीति**

**५.१ उद्देश्य नं. १ संग सम्बन्धित रणनीति**

५.१.१. निजामती सेवाका सबै श्रेणी र पदका सबै कर्मचारीलाई तालीम प्रदान गर्ने गरी तालीम संचालन कार्यलाई क्षेत्र, जिल्ला र इलाका स्तरसम्म विकेन्द्रित र व्यापक बनाउने ।

५.१.२. कर्मचारीको बृत्ति विकास, नेतृत्व क्षमता विकास र कार्यसम्पादनसंग तालीमलाई आवद्ध गर्ने ।

५.१.३. विश्वस्तरमा आएका नवीनतम् अवधारणा, प्रविधि एवं पद्दति अनुरुप तालीम प्रणालीमा सुधार ल्याउने ।

**५.२. उद्देश्य नं. २ सँग सम्बन्धित रणनीति**

५.२.१. कर्मचारीको कार्यविवरण र जिम्मेवारी अनुरुपका कार्यसम्पादन गर्न सघाउ पुग्ने खालका व्यवहारिक तालीम प्रदान गरिनेछ ।

५.२.२. सकारात्मक सोच, सेवाग्राही मैत्री व्यवहार, कार्यप्रतिको उत्सुकता र मनोवल अभिबृद्धि हुने गरी आधुनिक एवं आध्यात्मिक ज्ञान र अभ्यासमा आधारित तालीम संचालन गरिनेछ ।

५.२.३. कर्मचारीको मानवीय ज्ञान (Human Skill) र सामाजिक ज्ञान (Social Skill) प्रवर्द्धन हुने खालका तालीम प्रदान गरिनेछ ।

**५.३. उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीति**

५.३.१. निजामती कर्मचारीहरुको समावेशी सहभागीतालाई प्रोत्साहन हुने र सबैलाई तालीमको समान अवसर प्राप्त हुने गरी संगठन एवं व्यक्तिको आवशकतामा आधारित तालीम कार्यक्रम संचालन गरिनेछ ।

५.३.२ सेवाग्राहीहरुको सामाजिक विविधतालाई सम्मान र सम्बोधन गर्ने गरी कर्मचारीहरुको सीप विकास तथा धारणा परिवर्तन गर्ने विषयवस्तुलाई तालीममा समावेश गरिनेछ ।

## ६. नीतिहरु

६.१ निजामती सेवा अन्तर्गतका सबै सेवा, श्रेणी र पदका सम्पूर्ण कर्मचारीलाई तालीम (Training for all) प्रदान गर्न तालीम कार्यक्रमलाई व्यापक, विकेन्द्रित र निरन्तर कार्यको रुपमा संचालन गरिनेछ ।

६.२ संगठनको दीर्घकालीन एवं अल्पकालीन लक्ष्य प्राप्तिमा सघाउ पुर्‍याउन आवश्यक ज्ञान, सीप र धारणायुक्त मानव संसाधनको विकास गर्ने र कर्मचारीलाई वृत्ति विकासका अवसर हासिल गर्न समेत सक्षम बनाउने ।

६.३ प्रत्येक श्रेणी वा पदमा न्यूनतम एक पटक तालीम प्रदान गर्ने व्यवस्था गरिनेछ ।

६.४ संगठनको लक्ष्य प्राप्तीको लागि तालीमलाई कार्य बिवरण, कार्य सम्पादन, नेतृत्व विकास सँग आवद्ध गर्दै लगिनेछ ।

६.५ तालीम पाठ्यक्रममा सेवा समूह र कार्यसम्पादनको प्रकृति अनुसार विविधता कायम गरिनेछ ।

६.६ कर्मचारीहरुको तालीम आबश्यकताको लेखाजोखा (Training Need Assessement) का आधारमा तालीम प्रदान गरिनेछ ।

६.७ विश्वमा विकसित नवीन अवधारणा र व्यवस्थाकीय क्षेत्रमा आएका परिवर्तनलाई तालीमका विषयवस्तुको रुपमा अंगिकार गरिनेछ ।

६.८ आधुनिक प्रविधि एवं सूचना तथा संचार क्षेत्रमा आएका परिवर्तनलाई तालीमका क्रममा उपयोग गरिनेछ ।

६.९ सकारात्मक सोचयुक्त सेवाग्राही मैत्री व्यवहार गर्न सक्ने र अग्रसरता लिन उत्सुक हुने निजामती कर्मचारी तयार गर्न आधुनिक र आध्यात्मिक ज्ञान प्रदान गर्ने गरी अभ्यास गराउने अवधारणा अबलम्वन गरिनेछ ।

६.१० मुलुकको राज्य पुनसंरचनाको ढाँचा-अनुरुप तालीम कार्यक्रमलाई विस्तार र व्यवस्थित गरिनेछ ।

६.११ तालीम प्रदायक निकायहरुले एक अर्कासंग सहकार्य र साझेदारी गरी स्वदेश तथा विदेशमा विशिष्टिकृत तालीमको आदानप्रदान (Exchange Programme) को व्यवस्था गरिनेछ ।

६.१२ नीति निर्माण तहदेखि आधारभूत तहसम्मको लागि पेशागत विशिष्टता र कार्य-प्रकृति अनुकूलको विशेष तालीमको व्यवस्था गरिनेछ ।

४.१३ उच्च व्यवस्थापकीय सीप, पेशागत विशिष्टता र प्रविधि हस्तान्तरणमा सहयोग पुऱ्याउन वैदेशिक तालीमको अवसरलाई विस्तार र समानुपातिक वितरण गर्न उपयुक्त संयन्त्र निर्माण गरिनेछ ।

६.१४ तालीम प्रदायक संस्था र संलग्न जनशक्तिको विद्यमान क्षमताको पूर्ण उपयोग, विस्तार, सुदृढीकरण एवं प्रोत्साहन गर्नका लागि क्षमता अभिवृद्धि, सञ्जालीकरण, समन्वय, सहकार्य र साझेदारीमा जोड दिइनेछ ।

६.१५ तालीमको अवसर र पहुँच स्थानीय स्तरसम्म विस्तार गर्न बहुपात्रीय संलग्नता (Multi Stakeholders Involvement) मा तालीम कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

६.१६ न्यूनतम साझा मापदण्डका आधारमा (Common Minimum Standard) तालीम प्रदायक संस्था र प्रशिक्षकका साथै तालीमको स्तर प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ ।

६.१७ तालीमको लागि स्रोत अभाव हटाउन वार्षिक बजेटमा पर्याप्त विनियोजन गर्ने व्यवस्था गरिनेछ ।

६.१८ विशेष खालका सेवाग्राहीको आवश्यकतालाई सम्बोधन गर्ने गरी सामाजिक तथा सांस्कृतिक क्षमता (Competencies) तथा सीप विकास एवं मनोबृत्तिमा परिवर्तन गर्ने खालका तालीम संचालन गरिनेछ ।

६.१९ संस्थाको कार्यप्रकृती अनुरुप एक हप्ता भन्दा कम अवधिको तालीम एवं कार्यस्थलमा तालीम (on the job) तालीम संचालन गर्न सम्बन्धित संस्थालाई प्रोत्साहन गरिनेछ ।

६.२० कार्यस्थलमा तालीम (On the Job Training) का लागि दक्ष प्रशिक्षक विकास गर्न जोड दिइनेछ ।

६.२१ तालीम कार्यक्रममा लैंगिक मैत्री, सकारात्मक विभेद एवं विविधता व्यवस्थापनका पक्षहरुलाई जोड दिइनेछ ।

## ७. कार्यनीति

उपरोक्त नीति कार्यान्वयनमा सघाउ पुर्‍याउन देहायका कार्यनीतिहरू अवलम्वन गरिनेछन् :

१. निजामती सेवामा तालीम सम्बन्धी एकीकृत तथा क्षेत्रगत विकास योजना तयार गरी लागू गरिनेछ ।

२. संगठनको लक्ष्य प्राप्ति र कर्मचारीको वृत्तिविकासका लागि "सबैका लागि तालीम" अभियानलाई कार्य योजना बनाई लागू गरिनेछ । यस क्रममा राज्य पुनःसंरचना सापेक्ष हुने गरी निजामती सेवामा तालीम कार्यक्रमको व्यवस्था र विस्तार गरिनेछ ।

३. तालीम आवश्यकता पहिचान गरी सोको आधारमा सबैलाई तालीम प्रदान गरिनेछ र पाठ्यक्रमलाई आवश्यकता अनुसार समयानुकूल परिमार्जन गरी लागू गरिनेछ ।

४. निजामती सेवाका सबै स्थायी पदहरूमा नियुक्त भएपछि सेवा प्रवेश तालीम दिने व्यवस्थालाई अनिवार्य गरिनेछ । अस्थायी र करार कर्मचारीलाई समेत छोटो अवधिको तालीम दिने व्यवस्था गरिनेछ ।

५. निजामती कर्मचारीसम्बद्ध सेवा, समूह, श्रेणी वा तहका आधारमा विषयगत तथा आवश्यकता अनुसारको अन्य तालीम दिइनेछ ।

६. तालीमको अवसर र पहुँच स्थानीय स्तरसम्म विस्तार गर्न कार्यरत निकाय, कर्मचारी स्वयं, तालीम प्रदायक निकाय, ट्रेड युनियनहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज, स्थानीय निकाय,

विश्वविद्यालयहरू तथा निजी क्षेत्रका संस्था एवं प्रतिष्ठानहरू समेतको साझेदारी र संलग्नतामा तालीम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

७. तालीम प्रदायक निकायहरूको सहभागितामा तालीमको आवश्यकता पहिचान एवं पाठ्यक्रम तथा तालीम सामग्री विकासमा जोड दिइनेछ ।

८. तालीमलाई नतिजामूलक बनाउन संगठन विकास र कर्मचारीको कार्य उपलब्धि एवं कार्यजिम्मेवारीसँग सम्बन्धित तुल्याइनेछ ।

९. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई व्यवस्थापकीय प्रशिक्षण तथा उत्कृष्ट प्राज्ञिक निकाय (Management and academic excellence centre) का रूपमा रूपान्तरण गरिनेछ ।

१०. तालीमलाई प्रविधिमैत्री बनाउन सूचना प्रविधिलगायत नवीनतम् प्रविधिको प्रयोगमा जोड दिइनेछ । यस क्रममा दूर शिक्षा (Distance Learning), इन्टरनेटमा आधारित तालीम (Internet based Training), भर्च्यूयल कक्षा (Virtual Classroom), इट्रेनिङ्ग (E-training), कम्प्युटरमा आधारित कार्यक्रमिक प्रशिक्षण (Computer based Programmed Instruction (CPI), टेलि ट्रेनिङ्ग (Tele training) एवं घुम्ती तालीम, स्वाध्ययन सामग्री विकास र प्रकाशन जस्ता पद्धति अपनाइनेछ ।

११. ज्ञान, सीप र व्यवहारगत पक्षमा प्रचलित, समसामयिक र आगामी दिनहरुमा आउन सक्ने विषय क्षेत्रहरुमा अद्यावधिक हुने खालका तालीम सञ्चालनमा विशेष प्राथमिकता दिइनेछ ।

१२. उच्चतहमा क्षमता विकास सम्बन्धी तालीम कार्यक्रम संचालन गरिनेछ ।

१३. पदस्थापना, सरुवा र जिम्मेवारी तोक्दा कर्मचारीले लिएको तालीमको उपयोग हुने व्यवस्था गरिनेछ । अन्तर मन्त्रालय सरुवा भएपछि सम्पादन गर्नुपर्ने कामको विषयमा अभिमुखीकरण तालीम प्रदान गरेपछि मात्र पदस्थापना गर्ने व्यवस्थाको थालनी गरिनेछ ।

१४. कर्मचारीको मनोबृत्तिमा सकारात्मक परिवर्तनका लागि योग, ध्यान, मनोसामाजिक परामर्श जस्ता विषयलाई तालीमको विषयवस्तुका रुपमा समावेश गरिनेछ ।

१५. विकासको लागि शिक्षा, अभिमुखीकरण, अनुगमन, मूल्यांकन सम्बन्धी तालीम प्रदान गरिनेछ ।

१६. कार्यालय व्यवस्थापन र सचिवालय व्यवस्थापन सम्बन्धी तालीमको विस्तार गरिनेछ ।

१७. तालीम प्रदायक संस्थाको संस्थागत क्षमता विकास र सुदृढीकरणको लागि भौतिक पूर्वाधारमा सुधार, स्रोतसाधनको व्यवस्था र गुणस्तरीय जनशक्तिको उपलब्धता सुनिश्चित गरिनेछ । प्रशिक्षण प्रदायक संस्थाहरुमा सक्षम, उत्कृष्ठ र क्षमतावान जनशक्ति आकर्षण, विकास र टिकाउको लागि उचित व्यवस्था मिलाइनेछ । प्रशिक्षकहरूको लागि प्रशिक्षक प्रशिक्षण (TOT) अनिवार्य गरिनेछ ।

१८. तालीम प्रदायक संस्था र तालीम कार्यक्रमहरूको संजालीकरण (Networking) गरिनेछ ।

१९. स्रोत व्यक्तिहरूको विषयगत क्षेत्र अनुसारको सूची (Roster) तयार गरिनेछ र सोको आधारमा प्रशिक्षकको व्यवस्था मिलाइनेछ । अवकाश प्राप्त कर्मचारीहरुलाई विशेषज्ञताका आधारमा प्राथमिकता दिइनेछ ।

२०. प्रशिक्षण पेशालाई आकर्षक बनाउन प्रशिक्षकहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने नीति लिइनेछ । घुम्ती तालीमका लागि स्थानीय स्तरमा खटिने कर्मचारी र प्रशिक्षकका लागि विद्यमान भ्रमण भत्ता व्यवस्थालाई पुनरावलोकन गरिनेछ । प्रशिक्षकहरूको पारिश्रमिकलाई विषय, स्तर र समयावधि अनुरूप गर्न मापदण्ड बनाई लागू गरिनेछ ।

२१. तालीम प्रदायक संस्थाहरूबाट तालीमको विवरण र तालीम लिएका जनशक्तिको विवरण केन्द्रीय कर्मचारी निकायमा पठाउने व्यवस्था गरिनेछ ।

२२. तालीम प्रयोजनका लागि स्रोत साधनको विनियोजनलाई प्राथमिकीकरण गरिनेछ र तलब शीर्षकमा छुट्याइएको वार्षिक बजेटको निश्चित प्रतिशत रकम तालीम तथा क्षमता विकासमा लगाउनुपर्ने व्यवस्था गरिनेछ । मुलुकमा तालीमको विकास एवं विस्तारको लागि केन्द्रीय तालीम कोष खडा गरिनेछ ।

२३. वैदेशिक तालीमलाई मुलुकको आवश्यकता अनुरूप तुल्याउन प्रयत्न गरिनेछ र यस्ता तालीम प्रदायक संस्था एवं स्वदेशी-विदेशी विश्वविद्यालयहरूसँग सहकार्य, साझेदारीको माध्यमबाट प्रविधि हस्तान्तरण र सामान्य तथा विशिष्टिकृत तालीमको अवसर विस्तार गरिनेछ ।

२४. कर्मचारीहरूलाई अवकाश हुनुपूर्व परामर्श तालीम (Retirement Counseling Training) उपलब्ध गराइनेछ ।

२५. तालीमलाई प्रभावकारी तथा व्यवहारोपयोगी बनाउन तालीम कार्यक्रमको प्रभाव मूल्यांकन (Impact evaluation) गर्ने, गराउने र सम्बन्धित निकायलाई पृष्ठपोषण दिने परिपाटी संस्थागत गरिनेछ ।

२६. हरेक कर्मचारीले तालीम लिएको विवरणलाई निजामती कितावखाना (PIS) को अभिलेखमा आवद्ध गरिनेछ ।

२७. तालीम प्रदायक संस्थाहरुलाई उनिहरुले संचालन गर्ने तालीम योजना तर्जुमा गर्ने, पाठ्यक्रम विकास एवं परिमार्जन गर्ने, प्रशिक्षकहरुको सूची तयार गर्ने लगायत तालीम संचालन सम्बन्धी क्रियाकलाप गर्ने गरि उत्तरदायी बनाइनेछ ।

२८. दुई वा दुई भन्दा बढी तालीमको अबधिलाई जोडी ३० कार्य दिन भएमा सेवाकालिन तालीमको रुपमा गणना गर्ने व्यवस्था गरिनेछ ।

२९. एकपटक तालीम लिने कर्मचारीहरुको तालीमोत्तर कार्यसम्पादनको मूल्यांकन (Post training Performance evaluation) गरिनेछ र त्यस्ता कर्मचारीहरुलाई निश्चित अन्तरालमा पुनः सहभागी गराई तालीम संचालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ८. संस्थागत व्यवस्था

निजामती सेवामा तालीमलाई प्रभावकारी एवं उपलब्धिमूलक तुल्याउन निम्नानुसारको संस्थागत व्यवस्था गरिनेछ :

### ८.१. तालीम निर्देशक समिति

यस नीतिको कार्यान्वयनको लागि समग्र मार्ग निर्देशन गर्न निम्नानुसारको तालीम निर्देशक समिति रहनेछ :

१. मुख्य सचिव, नेपाल सरकार – अध्यक्ष

२. सचिव, लोकसेवा आयोग – सदस्य
३. सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय – सदस्य
४. सचिव, अर्थ मन्त्रालय – सदस्य
५. सचिव, शिक्षा मन्त्रालय – सदस्य
६. कार्यकारी निर्देशक (नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान)– सदस्य
७. सचिव, सामान्य प्रशासन मन्त्रालय – सदस्य सचिव

निर्देशक समितिले आवश्यकता अनुसार तालीम प्रदायक संस्थाका प्रतिनिधि र सम्बन्धीत क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**तालीम निर्देशक समितिको कार्यक्षेत्र**

१. निजामती सेवामा तालीम सम्बन्धी रणनीति/नीति/ कार्यनीतिहरूको तर्जुमा वा परिमार्जन गर्न निर्देशन दिने,
२. निजामती सेवाका तालीम प्रदायक निकायहरूको कार्यसम्पादन स्तर अभिवृद्धि गर्न मार्ग निर्देशन गर्ने,
३. निजामती सेवाका तालीम सम्बन्धी प्रतिष्ठानहरूको कार्यक्रम तथा बजेटलाई उच्च प्राथमिकता दिन सम्बद्ध निकायहरूलाई सिफारिस गर्ने,
४. निजामती सेवाका तालीम प्रदायक निकायहरूको अनुगमन तथा मूल्यांकन प्रतिवेदनहरू समीक्षा गरी आवश्यक मार्ग निर्देशन दिने,
५. निजामती सेवाका तालीम प्रदायक निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्ने,

**८.२. तालीम अनुगमन तथा मूल्यांकन समिति**

निजामती सेवामा तालीम व्यवस्थापनलाई सुदृढ तुल्याउन तालीम निर्देशक समितिको मार्ग निर्देशनमा रही कार्य गर्ने गरी निम्नानुसार तालीम अनुगमन तथा मूल्यांकन समितिको गठन गरिनेछ :

१. सचिव, सामान्य प्रशासन मन्त्रालय – अध्यक्ष
२. सह सचिव, राष्ट्रिय योजना आयोग (मानव संसाधन विकास महाशाखा) – सदस्य
३. सह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य
४. सह सचिव, अर्थ मन्त्रालय – सदस्य

५. सह सचिव, शिक्षा मन्त्रालय – सदस्य

६. सहसचिव, सामान्य प्रशासन मन्त्रालय
(योजना तथा जनशक्ति विकास महाशाखा) – सदस्य सचिव

**समितिको कार्यक्षेत्र**

१. तालीम नीतिको कार्यान्वयन गर्ने गराउने,
२. तालीम निर्देशक समितिको सामान्य मार्ग निर्देशन अनुसार कार्यहरू गर्ने गराउने,
३. निजामती सेवा तालीम सम्बन्धी रणनीति, नीति, कार्यनीतिहरूको तर्जुमा तथा परिमार्जन सम्बन्धी कार्यमा तालीम निर्देशक समितिलाई सघाउ पुऱ्याउने,
४. निजामती सेवामा तालीमको माग, आवश्यकता तथा प्रभावकारिता सम्बन्धी अध्ययनहरू गर्ने गराउने,
५. निजामती सेवा तालीम सम्बन्धी पाठ्यक्रम तथा पाठ्य सामग्रीहरूको समीक्षा गरी आवश्यक परिवर्तन तथा परिमार्जनका लागि सम्बद्ध प्रशिक्षण प्रतिष्ठानहरूलाई पृष्ठपोषण गर्ने, उपलब्धिका सूचकहरु तय गर्ने तथा मूल्यांकनका विधिहरु तय गर्ने,
६. तालीम प्रदायक संस्थाहरू तथा तिनीहरुले संचालन गर्ने तालीमहरुको न्युनतम मापदण्ड लागू गर्ने गराउने,
७. तालीमको प्रभावकारिता मापन गर्न निजामती सेवाका तालीम प्रदायक निकायहरूले अवलम्बन गर्ने अनुगमन प्रणाली, परिसूचक तथा तत्सम्बन्धी कार्यविधिहरू निर्धारण गर्ने गराउने,
८. निजामती सेवाका तालीम प्रदायक निकायहरूमा संरचनागत एवं कार्यक्रमगत आधारमा गरिनुपर्ने सुधारहरू बारे सम्बद्ध तालीम प्रदायक निकायलाई निर्देशन दिने,
९. तालीम सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी तालीम निर्देशक समिति समक्ष पेस गर्ने,
१०. निजामती सेवाका तालीमलाई प्रभावकारी एवं उपयोगी बनाउन मुलुकभित्र तथा बाहिरका विश्वविद्यालय, विदेशी प्रशिक्षण प्रतिष्ठान र निजी क्षेत्रसँग साझेदारीको विकास गर्ने गराउने,
११. निजामती कर्मचारीहरूले प्राप्त गर्नुपर्ने तालीमका विषयमा गुनासो सुनुवाई गरी व्यवस्थापन गर्ने गराउने,

१२. तालीम प्रदायक संस्थाबीच समन्वय तथा सञ्जाल विकास तथा विस्तार गर्ने गराउने,

१३. सामान्य प्रशासन मन्त्रालय र तालीम निर्देशक समितिले तोके अनुसारका अन्य कार्यहरू गर्ने गराउने,

यस तालीम नीतिको कार्यान्वयनमा सघाउ पुऱ्याउन विषयगत आधारमा अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन पेस गर्न तालीम निर्देशक समिति र तालीम अनुगमन तथा मूल्यांकन समितिद्वारा आवश्यकता अनुसार उप समितिहरू गठन गर्न सकिनेछ।

**८.३. जिल्लास्तरीय तालीम समन्वय समिति**

जिल्लास्तरमा संचालन हुने तालीम कार्यक्रमहरुको आवश्यकता पहिचान, समन्वय तथा कार्यान्वयन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी तथा संयोजकले तोकेका तीन जना कार्यालय प्रमुखहरु रहेको जिल्लास्तरीय तालीम समन्वय समिति रहनेछ।

**९. क्षेत्रगत नीति र कानुनमा सुधार**

तालीम नीतिको कार्यान्वयनका लागि विभिन्न क्षेत्रगत नीतिहरू, निजामती सेवा ऐन, नियम र अन्य कानुनमा तदनुकुल सुधार र परिमार्जन गरिनेछ।

**१०. अनुगमन तथा मूल्यांकन**

१. तालीम नीति कार्यान्वयनको समग्र स्थितिको वार्षिक वा आवधिक अनुगमन तथा मूल्यांकन सामान्य प्रशासन मन्त्रालयले गर्नेछ।

२. तालीम अनुगमन तथा मूल्याङ्कन समितिले तालीम प्रदायक निकायको र नीति कार्यान्वयन एवं उपलब्धिको नियमित अनुगमन गर्ने गराउनेछ। कार्यान्वयनका क्रममा प्रारम्भिक अनुगमन तालीम प्रदायक निकाय आफैंले गर्नेछ।

३. यस नीतिलाई कम्तीमा ५ वर्षमा एक पटक पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन र सुधार गरिनेछ।

**११. खारेजी**

निजामती सेवा राष्ट्रिय तालीम नीति, २०५८ खारेज गरिएको छ।